विषयः लेखापरीक्षकमा नियुक्ती गरिएको बारे ।

च.नं. १५

श्री......टि.पी. उपाध्याय......एण्ड एसोसिएटस् O/C

.....................................

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नियम ११(ज) मा आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन व्यवस्थापन तथा नियमनको जिम्मेवारी स्थानीय तहमा भएको र सोही अनुसार यस नगर पालिका अन्तर्गत सञ्चालित सामुदायिक र संस्थागत विद्यालयले आर्थिक वर्ष २०७४ श्रावण देखी २०७५ असार मसान्त सम्मको विद्यालयको वार्षिक बजेट आय व्ययको लेखा परीक्षण गर्न नगरपालिकाको मिति २०७५/८/२४ गतेको निर्णय अनुसार तपाईहरूलाई तपसिलमा उल्लेखित विद्यालयहरूमा लेखापरीक्षण गर्न तोकिएकोछ । पत्र प्राप्त भएको मितिले १५ दिन भित्र नियमानुसार विद्यालयको लेखापरिक्षण सम्पन्न गरी सकेको प्रतिवेदन अनिर्वाय रूपमा नगरपालिकामा समेत पेश गर्नुहुन जानकारी गरिन्छ ।

## तपसिल

१) शिक्षकहरूको नियुक्ती, सरूवा, बढुवा, तलब निर्धारण बारे निजीतर्फ विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम नियुक्तीपत्र छ/छैन हाजिरी रेकर्ड राखी तलब खर्च मिल्छ/मिल्दैन ।

२) संस्थागत विद्यालयले उठाउने विभिन्न शुल्क र खर्चमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भएको छ/छैन ।

३) करयोग्य आम्दानी भएका शिक्षक तथा कर्मचारीहरूको कर कट्टी गरी समयमा नै दाखिला भएको छ/छैन र विद्यालयको घर भाडा भुक्तानी गर्दा घर बहाल कर कट्टी गरी समयमा सम्बन्धित कार्यालयमा दाखिला गरे नगरेको विवरण लिई ले.प. गर्ने र साथै घर भाडा सम्झौता गर्दा नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार भएको छ/छैन ।

४) शिक्षकहरूको खाईपाई आएको ग्रेड तथा शिक्षक नियमितता सम्बन्धमा उपयुक्त छ/छैन ।

५) सामुदायिक विद्यालयहरूमा नगरपालिकाबाट निकाशा भएको बजेटको नियमानुसार खर्च भएको छ/छैन ।

६) शिक्षा ऐन तथा नियमावली अनुसार उपलब्ध गराउनुपर्ने छात्रवृत्ती गरीब जेहेन्दार दलित अपाङ्ग जनजाती र सिमान्तकृत विद्यार्थीहरूलाई के कसरी वितरण भएको छ/छैन ।

७) विद्यालयलाई आवश्यक पर्ने भौतिक तथा अन्य सामाग्री खरीद गर्दा सार्वजनिक खरिद नियमावली पालना गरेको छ/छैन ।

८) विद्यार्थीहरूबाट उठाएको शुल्क सम्बन्धीत शिर्षकमा नै खर्च गरिएको छ/छैन ।

९) संस्थागत विद्यालयहरूले नियमानुसार शिक्षा सेवा कर समयमा भुक्तानी गरेको छ/छैन ।

१०) विद्यालयबाट शैक्षिक सामाग्री तथा अन्य सामाग्रीहरू विक्री वितरण गर्ने गरिएको छ/छैन ।

११) विद्यालयको नाममा रहेको जग्गाको भोग निसा प्रमाण छ/छैन ।

१२) विद्यालयको जिन्सी विवरण प्रचलित नियम अनुसार अभिलेख भए/नभएको सोको विवरण ।

१३) विद्यालयका शिक्षकहरू लामो समय सम्म अध्ययन विदा वा अन्य विदा बसेको/नबसेको सो को विवरण ।

१४) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरूबाट आर्थिक सहयोग पाए/नपाएको सोको विवरण ।

१५) यो लेखापरीक्षक गरेवापत तपाइले ने.चा.ए. संस्थाले तोके बमोजिम हुन आउने रकम मात्र शुल्क विद्यालयबाट प्राप्त गर्नुहुनेछ । सो भन्दा बढी रकम विद्यालयमा लेखापरीक्षकले दाबी गर्न पाइनेछैन । विद्यालयले पनि सो भन्दा

Scanned by CamScanner

बढी रकम भुक्तानी नगर्न जानकारी गराइन्छ । यदी लेखापरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा रकम भुक्तानी नगरी तुरुन्त यस कार्यालयलाई जानकारी गराउनुहुन र विद्यालयले पनि ले.प. नगराएमा लेखापरीक्षकले तुरुन्त यस कार्यालयलाई जानकारी गराउनुहुन अनुरोध छ ।

१६) तोकिएको मितिभित्र लेखा परीक्षण सम्पन्न हुन नसके सोको कारण सहित जानकारी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

## लेखा परीक्षण गर्नुपर्ने विद्यालयहरु

१.

२.

३.

४.

५.

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत
थाहा नगरपालिका

## बोधार्थ

श्री......वसन्त श्री......विद्यालय एकै वसन्त
थाहा नगरपालिका वडा नं......५......, मकवानपुर

अन्तिम लेखापरीक्षक विवरण १ प्रति नगरपालिकामा उपलब्ध गराउन हुन समेत ।

Scanned by CamScanner